# प्रदेश नम्बर २ को आर्थिक बर्ष २०७४/७५ को सेवा तथा कार्यक्रम सञ्चालन लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रदेश सभा सचिवालय, प्रदेश नं. २

प्रस्तावना : प्रदेश नंबर २ को आर्थिक बर्ष २०७४/७५ को सेवा तथा कार्यक्रमरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो को लागि आवश्यक रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा १९९ बमोजिमको प्रदेश नंबर २, प्रदेश सभाको २१ औं सभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ :</u> (१) यस ऐनको नाम "प्रदेश नंबर २ को विनियोजन ऐन, २०७५"रहेको छ ।

(२) यो ऐन तुरुन्त लागुहुनेछ।

२. <u>आर्थिक वर्ष २०७४/७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :</u> (१) आर्थिक वर्ष २०७४/७५ को निमित्त प्रदेश नंबर २ प्रदेश सरकारको सेवा तथा कार्यक्रमहरू सञ्चालनका निमित्त रू.१,०२,०५,००,०००।-

(अक्षेरुपी रुपैयाँ एक अर्ब दुइ करोड पाँच लाख) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न प्रदेश सरकारलाई अधिकार दिइएको छ ।

३. <u>विनियोजन :</u> (१) दफा २ बमोजिम खर्च गर्न अधिकार दिइएको रकमको विनियोजन अनसूची १ देखि ७ सम्म उल्लेख भएबमोजिम हुनेछ ।

(२) दफा (२) बमोजिमका सेवा तथा कार्यक्रमका लागि विनियोजित रकम आर्थिक वर्ष २०७४/७५ को लागि प्रदेश सरकारका व्यस्थापकीय न्यायपालिकीय तथा कार्यपालिकीय निकाय र अन्तर्गतका कार्यालयहरूले प्रदान गर्ने सेवा तथा सञ्चालन गर्ने कार्यहरूको निमित्त खर्च विनियोजनको सीमा भित्र रही खर्च गरिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निकाय वा कार्यालयहरूले सञ्चालन गर्ने सेवा तथा कार्यक्रमको निमित्त विनियोजन गरेको रकम प्रदेश आर्थिक कार्यविधि ऐनको सीमाभित्र रही रकमान्तर गर्न सकिनेछ ।

प्रदेश सभा सचिवालय, प्रदेश नं. २

(४) उपनियम (३) बमोजिम रकमान्तर गर्दा वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य खर्च शीर्षकमा एवं पूँजीगत खर्च तर्फका शीर्षकमा विनियोजित रकम पूँजीगत तर्फकै खर्च शीर्षकबाहेक चालु तथा वित्तीय व्यवस्थाका खर्च शीर्षकमा रकमान्तर गर्न सकिने छैन ।

(५) संघीय विनियोजन ऐन, २०७४ को दफा ४ को उपदफा (५) बमोजिम नेपाल सरकार, अर्थ मन्त्रालयले खर्च शीर्षकहरुमा बाँडफाँट गरी निकासा गरेको रकमलाई समेत यसै ऐन बमोजिमको शीर्षकगत रुपमा मिलान गरिएको छ ।

(६) यो ऐनबमोजिम विनियोजित रकमको निकासा तथा खर्च व्यवस्थापन प्रदेश आर्थिक कार्यविधि ऐन बमोजिम हुनेछ ।

प्रदेश सभा सचिवालय, प्रदेश नं.२